बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर नुवाकोट
वागमती प्रदेश, नेपाल

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

मिति : २०७७/०४/२८

# विज्ञप्ति !

कोरोना भाइरस कोभिड – १९ को संक्रमण बढ्दै गएको वर्तमान अवस्थामा सो को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार र स्थानीय प्रशासनबाट विभिन्न मितिमा जारी गरिएको निषेधाज्ञा को पूर्ण रुपमा पालना गर्दै जिल्ला COVID - 19 संकट व्यवस्थापन केन्द्र, नुवाकोटको वैठकका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि मिति २०७७ श्रावण २४ गते यस नगरपालिकाबाट जारी विज्ञप्तिको पूर्ण रुपमा पालना गर्नुहुन नगरबासी सबैमा अनुरोध छ। नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ श्रावण २७ को वैठकले स्थानीय तह र स्थानीय प्रशासनले संक्रमणको अवस्था र दरलाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताको आधारमा आफ्नो क्षेत्र भित्र निषेधाज्ञा र सिल्ड गर्न सक्ने निर्णय गरेको सन्दर्भमा वडा नं. ९ स्थित बेलकोटगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय आसपास सिरानटोल भन्ने स्थानमा एक व्यक्तिमा कोरोना संक्रमण पुष्टि भैसकेको हुँदा सो व्यक्ति संगको कन्ट्याक्ट ट्रेसीङ पछिको जोखिमबाट सम्भावित व्यक्तिहरुको नतिजा यथाशिघ्र प्राप्त गर्ने गरी कार्य अगाडी बढाइएको, सो को नतिजा नआएसम्म, नतिजा पछिको गाम्भिर्यतालाई हेरी, अर्को सूचना जारी नभएसम्मको लागि नगरपालिकाको वडा नं. ९ पूर्ण रुपले सिल्ड गरिएको हुँदा उक्त वडामा आवतजावत लगायत सम्पूर्ण गतिविधिहरु वन्द गरिएको छ। साथै मिति २०७७ श्रावण २४ गते जारी गरिएको विज्ञप्ति वमोजिम नै यस नगरपालिका अन्तर्गतका सबै वडाहरुमा निषेधाज्ञा यथावत रहने र नगरपालिका लगायत सम्पूर्ण वडाबाट प्रवाह हुने अत्यावश्यक वाहेकका सम्पूर्ण सेवाहरु वन्द गरिएको छ। निषेधाज्ञा र सिल्ड गरिएको स्थानहरुमा अवज्ञा गर्ने जो कोहीलाई प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरा अवगत गराउंदै स्वास्थ्य संस्थाको प्रोटोकल पूर्ण रुपमा पालना गर्नु हुन र देश बाहिरबाट आएका व्यक्तिहरुलाई वडा नं. ७ - रातमाटे स्थित नगरपालिकाले स्थापना गरेको Quarantine - home मा, जिल्ला बाहिर वा अन्यत्र स्थानबाट आएका सबै व्यक्तिहरुलाई वडा स्तरीय कोरोना रोकथाम समूह (CPG) वा वडा स्तरीय विपद व्यवस्थापन समन्वय समितिको निगरानीमा होम क्वारेन्टाइनमा बस्न - बस्न लगाउन हुन सबैमा आग्रह गर्दछु। यस विषम परिस्थितिमा यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु र न.पा. वा अन्तर्गतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु यथास्थानमा सुरक्षित तवरले stand –by रहनुहुन, अन्यत्र बाहिर रहनु भएका जनप्रतिनिधि, कर्मचारीहरु नगरपालिकाको आवश्यकता अनुसार खटिनु परेमा, PCR Report सहित उपस्थित हुन जानकारी गर्दछु। साथै सम्पूर्ण नगरबासीहरुमा यस अप्ठ्यारो घडिमा कतिपनि विचलित नभई संयमताका साथ आफ्नो घरभित्र सुरक्षित रही नगरपालिकालाई संक्रमण मुक्त गराउनुहुन भरपुर सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

धन्यवाद !

(राजेन्द्र रमण खनाल)
नगर प्रमुख

**राजेन्द्र रमण खनाल**
**प्रमुख**